**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - ३३**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ श्रावण २२ गते बुधबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको तेत्तीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **अपरान्ह १:०५** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "शून्य समय" मा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना भनाइ राख्न समय दिनुभयो :

**मा. राधेश्याम अधिकारी**ले मानव अधिकारको क्षेत्रमा काम गर्ने संसद्का पूर्व सभामुख दमननाथ ढुङ्गाना, कृष्ण पहाडी र चरण प्रसाईंलाई प्रहरी प्रधान कार्यालयबाट अज्ञात प्रहरीले टेलिफोन गरेर अनपेक्षित प्रश्न सोधी आम जनमानसमा भयत्रास र आक्रान्त सिर्जना गर्न खोजिएकोतर्फ गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले कम्तीमा दिनमा एउटा टेलिभिजनबाट प्रशारण हुने कार्यक्रममा सांकेतिक भाषा (साइन ल्याङ्विज) वा दोभाषेको प्रयोग गरी बोल्न र सुन्न नसक्नेलाई समेत समाचारबाट सुसूचित हुने अवस्थाको सिर्जना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. सुमनराज प्याकुरेल**ले सम्माननीय अध्यक्षज्यूको नेतृत्वमा राष्ट्रिय सभाको टोलीले बाढी पीडित क्षेत्रमा अनुगमन गरी पेश गरेको प्रतिवेदन सरकारले तुरुन्त कार्यान्वयन गर्नुपर्ने बताउनुहुँदै बाढीले किसानको जमिनमा क्षति पुऱ्याएकोले वर्खे बाली नहुने स्थितिमा हिउँदे बालीको व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनुभयो :

"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू स्वास्थ्य परीक्षणको सिलसिलामा सम्वत् २०७६ साल साउन १८ गते शनिबार सिंगापुर तर्फ प्रस्थान गर्नु हुने भएकोले प्रधानमन्त्रीको अनुपस्थितीमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम प्रधानमन्त्रीको सिफारिसमा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री इश्वर पोखरेलले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

आज्ञाले
विनोद के.सी.
मिति : २०७६/४/१७ सचिव"

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा मिति २०७६/४/१५ गते देहाय बमोजिमको नियुक्ति गरी कार्यविभाजन समेत गर्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री योगेशकुमार भट्टराई | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन । |

विनोद के.सी.
मिति : २०७६/४/१५ सचिव"

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय डा. विमला राई पौड्याल प्रस्तावक र माननीय कालीबहादुर मल्ल, माननीय रमेशजंग रायमाझी र माननीय प्रमिला कुमारी समर्थक रही दर्ता गरिएको "पर्यटनसँग सम्बन्धित भौतिक संरचना निर्माण गर्दा नेपाली मौलिकता झल्कने गरी निर्माण गर्ने" सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गरिएको जानकारी गराउनुहुँदै उक्त प्रस्तावका प्रस्तावक माननीय डा. विमला राई पौड्याललाई सो प्रस्ताव पेश गर्न समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले जरुरी सार्वजनिक महत्वको प्रस्तावका समर्थक माननीय कालीबहादुर मल्ल, माननीय रमेशजंग रायमाझी र माननीय प्रमिला कुमारीलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहने माननीय वृषेशचन्द्र लाल र माननीय रामपृत पासवानलाई समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराईलाई उक्त जरुरी सार्वजनिक महत्वको प्रस्तावको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल साउन २६ गते आइतबार दिनको १:०० बजे बस्ने गरी अपरान्ह २:१० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव